मानेभन्ज्याङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मानेभन्ज्याङ, ओखलढुङ्गा

१ नं. प्रदेश, नेपाल

प.सं. : २०७८/०७९

च. नं. : १८७९

मिति : २०७९/०३/०६

**विषय : प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

**श्री वडा कार्यालयहरू सबै**

**मानेभन्ज्याङ गाउँपालिका**

आर्थिक वर्ष २०७९/८० को बेरोजगारको सूचीमा सूचीकृत भएका व्यक्तिहरूलाई न्यूनतम रोजगारी प्रत्याभूत गर्न सञ्चालन गरिने प्रधानमन्त्री रोजगार कार्यक्रम उत्पादन तथा उत्पादनशील क्षेत्रमा कार्यान्वयन गर्ने तथा रोजगारमूलक आयोजनाको क्षेत्र **कृषि, सहकारी तथा पशु विकास** हुने भन्ने गाउँपालिका अध्यक्ष एवम् स्थानीय निर्देशक समिति अध्यक्षको निर्देशन भएको ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको दफा ७० (१) अनुसार** कृषि, सहकारी तथा पशु विकास क्षेत्र अन्तर्गत तपसिल बमोजिमका आयोजनाहरू रहन सक्ने उल्लेख भएको :

**शीत भण्डार निर्माण, कृषि उपजहरूको प्रोसेसिङ प्लान्ट निर्माण, परम्परागत र प्लास्टिक पोखरी निर्माण, कृषि उपजको संकलन तथा बेचबिखन केन्द्र निर्माण, पर्ति जग्गामा खेती, खाली जग्गामा फलफूलका विरुवा रोप्ने, सामूहिक तथा सहकारी खेती, व्यवसायिक खेती तथा पशुपालन, कृषि वन कार्यक्रम ।**

उल्लिखित निर्देशन र व्यवस्था बमोजिम वडामा सञ्चालन गरिने रोजगारमूलक आयोजनाको ज्याला बाहेकको शीर्षकमा लागत साझेदारीका रूपमा बजेट बिनियोजनको व्यवस्था गरी उत्पादन तथा उत्पादनशील प्रकारका रोजगारमूलक आयोजना प्रस्ताव गर्नुहुन तथा ती आयोजनामा **प्रमरोका साझेदारी योजना** उल्लेख गर्नुहुन अनुरोध छ ।

**बोधार्थ :**

**श्री सूचना प्रविधि अधिकृत : वेभसाइटमा अपलोड गरिदिनु हुन ।**

.............................

ऋद्धिरमण घिमिरे

रोजगार संयोजक (शाखा अधिकृत)

रोजगार सेवा केन्द्र